# नगरसभा बाट पारित

# चौधौं नगर विकास योजना (संशोधन सहित)

## आ.व. २०८०/०८१

## बुद्धभूमि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हुनमानचोक, बुडढी, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

२०८० साल पौष ०८ गते, आइतबार

**आज मिति २०८०/०९/०८ गते बुद्धभूमि नगरपालिकाको चौधौं नगर सभाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगरसभा सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।**

**उपस्थिति**

| क्र.स. | नाम, थर | नगरसभा | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | अध्यक्ष | नगर प्रमुख | बुद्धभूमि न.पा. | |
| २ | श्री मीरा थारु | सदस्य | उप प्रमुख | बुद्धभूमि न.पा. | |
| ३ | श्री तेज बहादुर बस्नेत | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | सदस्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. ८ | विमला |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | श्री अनिता देवी यादव | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. ४ | [illegible] |
| २० | श्री कमलेश बरई | सदस्य | का. सदस्य | बुद्धभूमि न.पा. १० | [illegible] |
| २१ | श्री मीना नेपाली | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. १ | Meena |
| २२ | श्री नारायण बहादुर खड्का | सदस्य | सदस्य | बुद्धभूमि न.पा. १ | [illegible] |
| २३ | श्री उमेशर थारु | सदस्य | सदस्य | बुद्धभूमि न.पा. १ | उमेशर |
| २४ | श्री पार्वती परियार | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. २ | पार्वती |
| २५ | श्री शंकर बहादुर विष्ट | सदस्य | सदस्य | बुद्धभूमि न.पा. २ | [illegible] |
| २६ | श्री जीव लाल घिमिरे | सदस्य | सदस्य | बुद्धभूमि न.पा. २ | [illegible] |
| २७ | श्री मीना चौधरी | सदस्य | महिला सदस्य | बुद्धभूमि न.पा. ३ | [illegible] |
| २८ | श्री कमला विश्वकर्मा | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. ३ | कमला |
| २९ | श्री ओम प्रसाद खनाल | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ३ | [illegible] |
| ३० | श्री राज कुमार थारु | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ३ | [illegible] |
| ३१ | श्री धनमाया दर्लामी | सदस्य | महिला सदस्य | बुद्धभूमि न.पा. ४ | [illegible] |
| ३२ | श्री रुपा देवी वि.क. | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. ४ | [illegible] |
| ३३ | श्री नरहरी भट्टराई | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ४ | [illegible] |
| ३४ | श्री केशर बहादुर सेन ओली | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ४ | [illegible] |
| ३५ | श्री सुमन लोहार | सदस्य | महिला सदस्य | बुद्धभूमि न.पा. ५ | सुमन |
| ३६ | श्री आरती कोरी | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. ५ | आरती |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | श्री जमीर मुसलमान | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ५ | |
| ३८ | श्री तिलक राम यादव | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ५ | |
| ३९ | श्री सुमित्रा केवटीन | सदस्य | महिला सदस्य | बुद्धभूमि न.पा. ६ | |
| ४० | श्री शिव गुलाम यादव | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ६ | |
| ४१ | श्री उमा शँकर चौधरी | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ६ | |
| ४२ | श्री इन्द्रावती कुर्मी | सदस्य | महिला सदस्य | बुद्धभूमि न.पा. ७ | |
| ४३ | श्री मान्ती पासी | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. ७ | |
| ४४ | श्री मोहन प्रसाद यादव | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ७ | |
| ४५ | श्री अरुण प्रताप सिंह | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ७ | |
| ४६ | श्री इन्द्रावती रैदास | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. ८ | |
| ४७ | श्री रामेश्वर प्रसाद थारु | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ८ | |
| ४८ | श्री सुमन्त थारु | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ८ | |
| ४९ | श्री बिनिमया कामी | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. ९ | |
| ५० | श्री बेद प्रकाश थारु | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ९ | |
| ५१ | श्री विण्णु प्रसाद थारु | सदस्य | सदस्य | बुद्धभूमि न.पा. ९ | |
| ५२ | श्री ताहिरा खाँ | सदस्य | महिला सदस्य | बुद्धभूमि न.पा. १० | |
| ५३ | श्री समुदरी कोरी | सदस्य | दलित म. सदस्य | बुद्धभूमि न.पा. १० | |
| ५४ | श्री मेघनाथ केवट | सदस्य | सदस्य | बुद्धभूमि न.पा. १० | |
| ५५ | श्री त्रिभुवन कुर्मी | सदस्य | सदस्य | बुद्धभूमि न.पा. १० | |
| ५६ | श्री ध्रुब प्रसाद नेपाल | स.- सचिव | प्र.प्र.अधिकृत | बुद्धभूमि न.पा. | |

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

बुद्धभूमी नगरपालिका

# चौधौं नगरसभा

बैठक

## कार्यसूची र समय तालिका

सभा संख्या: १४ बैठक स्थानः बुउद्देश्यीय सभाहल, हनुमानचोक, बुडढी।

अध्यक्षताः केशव कुमार श्रेष्ठ मितिः२०८०।०९।०८ आइतबार

| मिति | बैठक बस्ने समय (१:००) | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०९।०८ | राष्ट्रिय गानबाट कार्यक्रमको सुभारम्भ | | | |
| | १:१५ | सभा संचालन, सम्बोधन र सहिदहरु प्रति श्रदा सुमन | नगर प्रमुख | अध्यक्षता: नगर प्रमुख |
| | १:३० | १. हाल सम्मको न्यायिक समितिको प्रगति प्रतिवेदन | उप प्रमुख | अध्यक्षता: नगर प्रमुख |
| | १:४५ | १. हाल सम्मको प्रगति प्रतिवेदन सम्बन्धमा।<br>२. अन्तिम लेखा परीक्षणबाट औल्याइएका बेरूजु फछर्यौट सम्बन्धमा।<br>३. आ.व. २०८०।०८१ को तेह्रौं नगर सभाबाट पारित योजनाहरू संशोधन तथा रकामान्तर सम्बन्धमा। | नगर प्रमुख | अध्यक्षता: उपप्रमुख |
| | २:०० | ५. विविध। | नगर प्रमुख | अध्यक्षता: उपप्रमुख |

**छलफलको समय तालिका**

| मिति | बैठक बस्ने समय (२:००) देखि | कार्यसूची | प्रस्ताव प्रस्तुत कर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| २०८०।०९।०८ | २:०० | न्यायिक प्रगति प्रतिवेदन माथि छलफल | नगर प्रमुख | | |
| | २:१५ | संशोधन कार्यक्रममाथि छलफल र पारितको लागि प्रस्तुत गर्ने। | नगर प्रमुख | | |
| | २:३० | समापन | नगर प्रमुख | | |

केशवकुमार श्रेष्ठ
नगर प्रमुख

# मिति २०८०।०९।०८ गते बसेको चौधौं नगरसभाको बैठकमा प्रस्तुत प्रस्तावका साथै निर्णयहरू:-

१. बुद्धभूमि नगरपालिका विधेयक समितिमा छलफल भई कार्यपालिका मार्फत सिफारिस भई आएका तपसिलको ऐन तथा आर्थिक विकास समितिको प्रस्ताव माथि दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो।

क) आर्थिक ऐन २०८०, संशोधन सम्बन्धमा।

बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची (४) मा निजी वन दर्ता शुल्क रू. १००० तथा निजी वन नवीकरण शुल्क रू. ५०० प्रतिवर्ष थप गर्ने। अनुसूची (१३) दफा (१४) बमोजिम वन तथा नदीजन्य पदार्थको जरिवाना बापत असुल हुन आउने रकमको २०% रकम सहयोगी निकाय, सुरक्षा निकाय, नगर प्रहरी (१५%) तथा सम्बन्धित व्यक्तिलाई पुरस्कार स्वरूप उपलब्ध गराउने गरी संशोधन गर्ने निर्णय गरियो। साथै अनुसूची (४) क्र.स. ८८ प्राइभेट फर्म सम्बन्धमा १ बर्ष भन्दा बढी जतिसुकै समय भएपनि प्रत्येक नवीकरण अवधिको भिन्न भिन्न हिसाब गरी प्रचलित कानून बमोजिम नवीकरण शुल्क लिने भनिएकोमा तपसिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो।

**तपसिलः**

१. नवीकरण गर्ने समयावधि समाप्त भएको १ वर्षदेखि बढी जतिसुकै समयावधि भएमा विलम्ब शुल्क प्रतिवर्ष रू. १,०००।-

ख) आर्थिक विकास समितिको प्रस्तावः

**शुल्क छुट सम्बन्धमाः** साविकमा बुद्धवाटिका तथा भृकुटी नगरपालिका र यस बुद्धभूमि नगरपालिकामा आ.व. २०७७/०७८ अगाडि दर्ता गरिएका व्यवसाय दर्ता भएका व्यवसायलाई नवीकरणका लागि दण्ड जरिवानामा २०८० चैत मसान्त सम्म सतप्रतिशत छुट दिई नवीकरण गर्नका लागि समयावधि तोकिने निर्णय गरियो।

ग) बुद्धभूमि नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०७९ को नाम, केही दफालाई थप तथा परिमार्जन र संशोधन गरी बुद्धभूमि नगरपालिकाको "खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी ऐन, २०८०" लाई पारित गर्ने निर्णय गरियो।

२. बुद्धभूमि नगरपालिकाको आ.व. २०७८।०७९ को महालेखा परीक्षक कार्यालयद्धारा गरिएको अन्तिम लेखा परीक्षणको प्रतिवेदन माथि छलफल गरी प्राप्त बेरूजु विवरण सम्परीक्षणको लागि अनुरोध गर्ने निर्णय गरियो।

३. बुद्धभूमि नगरपालिकाको आ.व. २०७९।०८० बार्षिक समिक्षामा प्रस्तुत भएको विषयवस्तु नगरसभामा छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो।

४. बुद्धभूमि नगरपालिकाका न्यायिक समितिका संयोजक एवं नगर उप प्रमुख श्री मिरा थारू बाट प्रस्तुत गरिएको आ.व. २०८०।०८१ साउन देखि मंसिर मसान्त सम्म न्यायिक समितिको सम्पादित कार्यको प्रगति प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

५. बुद्धभूमि नगरपालिकाको चौधौं नगरसभामा सभाका अध्यक्ष एवं नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ बाट प्रस्तुत आ.व. २०८०।०८१ साउन देखि मंसिर मसान्त सम्मको कार्यालय अन्तर्गत शाखा तथा वडाको प्रगति प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

६. आ.व. २०८०।०८१ साउन देखि मंसिर मसान्त सम्मको नगर कार्यपालिका, नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट भएका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

७. आ.व. २०८०।०८१ साउन देखि मंसिर मसान्त सम्मको नगर कार्यपालिकाले स्वीकृत गरेका नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका कानूनहरूको अनुमोदन गर्ने निर्णय गरियो।

८. आ.व. २०८०।०८१ को बार्षिक विकास योजना पुस्तिकामा भएका तपसिलका योजना/ कार्यक्रमहरू संशोधन तथा रकामान्तर गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

| तेह्रौं नगरसभाबाट पारित भएको योजना तथा कार्यक्रमको विवरण | | | | संसोधन गर्नु पर्ने | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | शिर्षक विवरण | भएको विवरण | रकम | सि.नं. | हुनुपर्ने विवरण | रकम |
| १ नं. वडा कार्यालयबाट | | | | | | |
| १ | पेज नं ४६मा सा.वि. तर्फको वडा नं.१ को सि.नं. ५ | पर्व/जात्रा/उत्सव/धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण | २००००० | १ | पर्व/जात्रा/उत्सव/धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण | ५०००० |
| | | | | २ | वडा स्तरीय मर्मत सम्भार | १००००० |
| | | | | ३ | अवलोकन भ्रमण | ५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | पेज नं ४६मा सा.वि. तर्फको वडा नं.१ को सि.नं. १४ | विपद् व्यवस्थापन | ५०००० | ४ | सरसफाई कार्यक्रम | ५०००० |
| **२ नं. वडा कार्यालयबाट** | | | | | | |
| १ | पेज नं ४७ मा सा.वि. तर्फको वडा नं.२ को सि.नं. ३ | धर्म संस्कृति संरक्षण, महोत्सव तथा विविध | १३०००० | १ | धर्म संस्कृति संरक्षण, महोत्सव तथा विविध | १००००० |
| | | | | २ | बडहरा डेमलाल भुसालको घरदेखि कल्भर्ट सम्म नाली निर्माण | १००००० |
| २ | पेज नं ४७ मा सा.वि. तर्फको वडा नं.२ को सि.नं. १७ | अवलोकन भ्रमण | २५०००० | ३ | अवलोकन भ्रमण | १००००० |
| | | | | ४ | कार्यालय व्यवस्थापन | ८०००० |
| **३ नं. वडा कार्यालयबाट** | | | | | | |
| १ | पेज नं ४८ मा वडास्तरीय सा.वि. तर्फ वडा नं. ३ को सि.नं. १२ | गरिब जेहेन्दार र विपन्न बालबालिकालाई शैक्षिक सामाग्री वितरण | ५०००० | | श्री ने.रा.मा.वि. को कक्षा १० को एस.ई. ई. परीक्षामा शैक्षिक सुधार तथा नतिजा स्तरोउन्नति | ५०००० |
| **५ नं. वडा कार्यालयबाट** | | | | | | |
| १ | पेज नं ५१ मा वडास्तरीय सा.वि. तर्फ वडा नं. ५ को सि.नं. १६ | गुणस्तरीय शिक्षाका लागि शिक्षक विद्यार्थी तथा अभिभावक उपत्पेरणा कार्यक्रम | ५०००० | | वडा स्तरीय खेलकुद कार्यक्रम | ५०००० |
| **६ नं. वडा कार्यालयबाट** | | | | | | |
| १ | पेज नं ६५ मा वडास्तरीय पूर्वाधार तर्फ वडा नं. ६ को सि.नं. २ | लक्ष्मीपुर गाउँको अधुरो नाली निर्माण | ५००००० | १ | लक्ष्मीपुर गाउँको अधुरो नाली निर्माण तथा पिसिसि ढलान | ५००००० |
| **७ नं. वडा कार्यालयबाट** | | | | | | |
| १ | पेज नं ६६ मा वडास्तरीय पूर्वाधार तर्फ वडा नं. ७ को सि.नं. ३ | संगनडिहवा गाउँभित्र पिसिसि ढलान र ताकिहवा सडक पिसिसि ढलान | ६००००० | १ | संगनडिहवा गाउँभित्र पिसिसि ढलान | ६००००० |
| २ | पेज नं ६६ मा वडास्तरीय पूर्वाधार तर्फ वडा नं. ७ तर्फको सि.नं. ५ | विसनपुर गाउँको दक्षिण तर्फ सडक निर्माण | ४००००० | २ | विसनपुर बालविकास केन्द्रमा चर्पी मर्मत, सरसफाई तथा फिल्डमा माटो पटान | १५०००० |
| | | | | ३ | ताकिहवा गाउँमा पिसिसि ढलान | २००००० |
| | | | | ४ | छाडा चौपाया व्यवस्थापन | ५०००० |
| ३ | पेज नं ६६ मा सा.वि. तर्फको वडा नं. ७ को सि.नं. ९ | बनारडिहवा गाउँभित्र सडक पिसिसि ढलान | ३००००० | ५ | बनारडिहवा गाउँभित्र नाली निर्माण | ३००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ नं. वडा कार्यालयबाट | | | | | |
| १ | पेज नं. ६७ क्र.स. ११ पूर्वाधार तर्फ वडा नं. ८ | बोरिङ्ग जडान (पचिगवा, नौडिहवा, मधुनगरको सिमाना) | ४००००० | १ | चरिगवा चोक देखि कोटहीमाई आधारभूत विद्यालय सम्म सडक स्तरोउन्ति | ४००००० |
| १० नं. वडा कार्यालयबाट | | | | | |
| १ | पेज नं ५७ मा सा.वि. तर्फको वडा नं.१० को सि.नं. १० | सुनौलो हजार दिनको महिलाहरूलाई पोषण आहार वितरण कार्यक्रम | ५५००० | १ | स्वास्थ्य चौकीमा फर्निचर र प्रोजेक्टर खरिद कार्यक्रम | ५५००० |
| २ | पेज नं ५७ मा सा.वि. तर्फको वडा नं.१० को सि.नं. १६ | धार्मिक कार्य तथा दाहसंस्कारको लागि काठ, दाउरा, पटरा वितरण | २००००० | २ | धार्मिक कार्य तथा दाहसंस्कारको लागि काठ, दाउरा, पटरा वितरण | १००००० |
| ४ | पेज नं ५८ मा सा.वि. तर्फको वडा नं.१० को सि.नं. १९ | कर्मचारी तथा जनप्रतिनिधि क्षमता अभिवृद्धि कार्यक्रम | ६०००० | ३ | सिलाई कटाई तालिम | १६०००० |
| **नगरपालिकाबाट** | | | | | |
| **सामाजिक विकास तर्फ** | | | | | |
| १ | पेज नं ४५ मा सा.वि. तर्फको लोपउन्मुख जातितर्फ सि.नं. १ | सिलाई कटाई तालिम वडा नं. ९ | १५०००० | १ | उद्यमशिल कृषि तथा पशु तालिम सामाग्री वितरण | १५०००० |
| २ | पेज नं ४४ सि.नं.१ जेष्ठ नागरिक तर्फ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ४००००० | १ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ३१५००० |
| | | | | २ | राष्ट्रिय जेष्ठ नागरिक दिवस | ८५००० |
| ३ | पेज नं २३ सि.नं.६ उद्योग तथा वाणिज्य तर्फ | मेडपा कार्यक्रमव्यवस्थापन थप रकम | २००००० | १ | मेडपा कार्यक्रमव्यवस्थापन थप रकम | ५०००० |
| | | | | २ | उद्यमशिलता तथा सीप विकास तालिम (नेपाल कपडा तथा सिलाई व्यवसायी संघ, कपिलवस्तु) | १५०००० |
| **कृषि विकास शाखा तर्फ** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | पेज नं १९ सि.नं. १२ | ५०% अनुदानमा खाद्यान्न बालीको बीउ वितरण (गहुँ/ धान) | १४५०००० | १ | ५०% अनुदानमा खाद्यान्न बालीको बीउ वितरण (मकै/ धान) | ८००००० |
| २ | पेज नं १८ सि.नं.२ | विद्यालय करेशाबासरी स्थापना तथा प्रविधि विस्तार कार्यक्रम | २५०००० | २ | वडा नं. १०को सिचाईको लागि विद्युतीयकरण (लागत साझेदारी) | ११२०००० |
| ३ | पेज नं १८ सि.नं.५ | किसान सूचीकरण कार्यक्रम थप नगरपालिकाबाट | ३७०००० | ३ | जयनगर स्वास्थ्य चौकीमा जेनेरेटर खरिद | १५०००० |
| | | **चालु तथा प्रशासनिक खर्च** | | | | |
| १ | पेज नं ८३ सि.नं. २७ चालु | मनोसामाजिक परामर्श कर्ता र रिटर्नी कर्ता | ६५०००० | १ | मनोसामाजिक परामर्श कर्ता र रिटर्नी कर्ता | २७५००० |
| | | | | २ | थारू सांस्कृतिक संरक्षण (पोशाक खरिद) | २२५००० |
| | | | | ३ | बालश्रम मुक्त वडा घोषणा कार्यक्रम | १५०००० |
| | | **पुँजीगत तर्फ** | | | | |
| १ | पेज नं ७१ सि.नं. ९ | विर्जाताल मर्मत (सिचाई तर्फ) | ५००००० | १ | वृजा ताल तथा पिकनिक स्पोर्ट सौन्दर्णीयकरण वडा नं. ९ | ५००००० |
| २ | पेज नं ७१ सि.नं. ७ | ताल मर्मत दुलरी नाला | ५००००० | २ | मन्सा खेल मैदान मर्मत व्यवस्थापन वडा नं. १० | ५००००० |
| | | जम्मा | १०००००० | | जम्मा | १०००००० |
| १ | | गत बर्षको आल्या. | १४६५५७५० | १ | अत्यावश्यकीय मर्मत तथा निर्माण कार्यका योजनाका लागि (नगर प्रमुखको सहमतिमा) | २५००००० |
| | | | | २ | अधुरो बकुलीपुर सामुदायिक भवन निर्माण वडा नं. ९ | ५००००० |
| | | | | ३ | प्रशासनिक भवनको माथिल्लो १ कोठा थप र दर्ताचलानी कक्षा र सभाहल बाहिर माटो पटान | १०००००० |
| | | | | ४ | वडा नं. ७ को मानपुर स्वास्थ्य चौकीको निर्माणधीन भवन अधुरो निर्माण | १०००००० |
| | | | | ५ | वडा नं. ४ मा सिचाई कुलो व्यवस्थापन | १०००००० |
| | | | | ६ | छन्द काले बाबु नारायणीय आँखा अस्पताल बहादुरगंज सँग ५०/५० लागत साझेदारीमा (मोतिया विन्दु अप्रेसन, फेको प्रविधिबाट) | ५००००० |
| | | | | ७ | करदाताहरूको Online Software मा करदाता प्रविष्ट कार्य | २००००० |
| | | | | ८ | शैक्षिक सामाग्री प्रदर्शनी कार्यक्रम | ३००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ९ | बालमैत्री वडा घोषणा कार्यक्रम | २००००० |
| | | | | १० | ब्यूटि पार्लर तालिम | १००००० |
| | | | | ११ | महिला जनप्रतिनिधिलाई प्रोत्साहन | २३०००० |
| | | | | १२ | महिलाहरूको लागि पन्चेबाजा बजाउने तालिम र खरिद वडा नं. १ | ३५०००० |
| | | | | १३ | सशस्त्र प्रहरी बल, नेपाल नं. २८ गण हेक्वा कपिलवस्तु | ३००००० |
| | | | | १४ | बुद्धभूमि नगरपालिकाको लोगो निर्माण खर्च | ३००००० |
| | | | | १५ | CCTV क्यामरा मर्मत/जडान | ३००००० |
| | | | | १६ | सडक बत्ती लागत साझेदारी | ५००००० |
| | | | | १७ | देउरीतालको ठेक्काको राजश्व रकम फिर्ता | ५२५७५० |
| | | | | १८ | विद्युत प्राधिकरणसँग लागत साझेदारी कार्यक्रम | १५०००००० |
| | | | | १९ | जिल्ला स्तरीय रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुने खेलाडीको लागि तथा अन्य सहयोग | २५०००० |
| | | | | २० | गोरूसिगेंमा सञ्चालित स्वास्थ्य शिविरको भुक्तानी | १००००० |
| | | | | २१ | स्वास्थ्य शाखा तर्फका छपाई | ३००००० |
| | | | | २२ | वडा नं. १० धर्मपुर गाउँमा नाली निर्माण | ८००००० |
| | | | | २३ | छाडा चौपाया व्यवस्थापन | १००००० |
| | | | | २४ | अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्रसँगको सहकार्यमा अपाङ्ग बाल स्वास्थ्य शिविर | ५००००० |
| | | | | २५ | चालु खर्च- कार्यालय सञ्चालन तर्फ (थप) | ५००००० |
| | | **जम्मा** | १४६५५७५० | | **जम्मा** | १४६५५७५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | पेज नं. ५८ सि.नं. २ सडक तथा पुल तर्फ | तकिहवा,मानपुर, सेखुनिया,विसनपुर हुँदै डेरवा सिमाना सम्म सडक स्तरोउन्नति तथा कालोपत्रे निर्माण | २०००००० | १ | तकिहवा,मानपुर, सेखुनिया,विसनपुर हुँदै डेरवा सिमाना सम्म सडक स्तरोउन्नति तथा कालोपत्रे निर्माण | १६,००,०००। |
| | | | | २ | टिक्कर चंघाट अधुरो सडकमा माटो पटान, निर्माण तथा वाल व्यवस्थापन | २,००,०००। |
| | | | | ३ | अधुरो भैरमपुर चौरी सडक निर्माण (थप) वडा नं. ४ | २,००,०००। |
| २ | पेज नं. ५८ सिं.नं. १ सडक तथा पुल तर्फ | महुवा - नयाँनगर सडक खण्ड स्तरोउन्नति तथा कालो पत्रे | ४०,००,००० | १ | महुवा - नयाँनगर सडक खण्ड स्तरोउन्नति तथा कालो पत्रे | ३२,५०,००० |
| | | | | २ | भेलाई -पुरेना-गोरूसिगें-बकडरिया सडक कालोपत्रे (थप) | ७,५०,०००। |
| ३ | पेज नं. ५९ सि.नं. २ नगरस्तरीय मझौला पुर्वाधार तर्फ | गोरूसिगें इ.प्र.का देखि दक्षिण पुरानो गा.वि.स. जाने सडक | ४५,००,००० | १ | गोरूसिगें इ.प्र.का देखि दक्षिण पुरानो गा.वि.स. जाने सडक | ३९,५०,००० |
| | | | | २ | बोक्टापुर अधुरो सडक निर्माण (थप) | १०,००,०००। |
| ४ | पेज नं. ५८ सिं.नं. १ सडक तथा पुल तर्फ | हरिहरपुर लोक मार्ग सडक स्तरोउन्नति तथा कालोपत्रे | ४०,००,००० | ३ | हरिहरपुर लोक मार्ग सडक स्तरोउन्नति तथा कालोपत्रे | ३५,५०,००० |

९. बुद्धभूमि नगरपालिकाको तेह्रौं नगरसभाबाट पारित बार्षिक विकास योजना पुस्तिकाको पेज नं. ९८ मा निर्णय नं. २८ मा को क्र.स. १५ र १६ बुदाँमा ग) खाजा खर्च नगरसभा, कार्यपालिका र विशेष आतिथि सत्कारमा प्रति सेट रू. ५००।- ग) खाना खर्च नगरसभा, कार्यपालिका र विशेष आतिथि सत्कारमा प्रति छाक रू. ८००।- थप गर्ने निर्णय गरियो।

१०. सेवा करारमा कार्यरत कर्मचारीहरूको म्याद थप सम्बन्धमा।
यस बुद्धभूमि नगरपालिकाकामा सेवा करार तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको सेवा करार सम्झौता २०८० षौष मसान्त भित्र समाप्त हुने भएको हुँदा यस नगरपालिका र मातहतका वडा कार्यालयमा कामको आवश्यकतालाई मध्ये नजर राखी साविकमा खाइपाई आएको सुविधा र सम्झौता शर्त रहने गरी करार अवधि मिति २०८० माघ १ गते देखि २०८१ असार मसान्त सम्म कर्मचारीहरूको करार अवधि थप गर्ने निर्णय गरियो।

११. योजना अनुगमन सम्बन्धमा।
आ.व. २०८०।०८१ मा सञ्चालन हुने रू. ५ लाख सम्म बजेट विनियोजन भएका योजनाको भुक्तानी गर्दा वडा स्तरीय अनुगमन समितिको प्रतिवेदन भएमा नगर स्तरीय अनुगमन समितिको

प्रतिवेदन नभएमा पनि भुक्तानीको लागि बाधा नपर्ने निर्णय गरियो ।

## आ.व. २०७९।०८० न्यायिक समिति तर्फः

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ बमोजिम दर्ता भएका मुद्दा सम्बन्धि विवरण आ.व. २०८०।०८१

| क्र.सं | मुद्दाको प्रकृति | गत आ.व.मा दर्ता भई कुल निवेदन संख्या | गत आ.व.मा दर्ता भई यस बर्ष फर्छयौट भएका निवेदन संख्या | दर्ता संख्या | फछर्योट संख्या | फछर्योट बाकी | मुद्दा फछर्योट हुन नसक्नुका कारण |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ बमोजिम दर्ता सम्बन्धि मुद्दा | ८ | २ | ० | २ | ६ | |
| २ | स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७को उपदफा २ बमोजिम दर्ता सम्बन्धि मुद्दा | १० | ३ | ० | ३ | ७ | |
| ३ | अन्य दर्ता भएका निवेदन संख्या | १५ | ० | ६ | ६ | ९ | |
| | जम्मा | ३३ | ५ | ६ | ११ | २२ | |

## बुद्धभूमि नगरपालिकाको आ.व. २०८०/०८१ को मंसिर मसान्त सम्म भएका कार्यहरूको प्रगतिः

### प्रशासन शाखा तर्फको प्रगति प्रतिवेदनः

- आ.व. २०७९।०८० को नगरपालिकाको प्रगति समीक्षा सम्पन्न भएको ।
- आ.व. २०८०।०८१ को प्रथम चौमासिक सम्मको सार्वजनिक सुनुवाई सम्पन्न भएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्यांकन कार्य सम्पन्न गरी नतिजा सार्वजनिक गरिएको ।
- २०८० साउन १ गतेदेखि २०८० मंसिर मसान्त सम्म २५३२ दर्ता तथा १५४० वटा चलानी भएको ।
- आ.व. २०८०।०८१ मंसिर सम्म निर्माण भएको कार्यविधि १ वटा, संशोधन २ वटा ।
- आ.व. २०८०।०८१ हाल सम्मको कार्यपालिका बैठक संख्या ६ वटा ।

### राजश्व शाखा तर्फको प्रगति प्रतिवेदनः

- आ.व. २०८०/०८१ को मंसिर मसान्त सम्म आन्तरिक राजश्व तर्फ जम्मा अनुमानित रकम रु. ६ करोड ५० लाख (नदिजन्य रु. २ करोड ५० लाख समेत) मध्ये २०८० मंसिर मसान्त सम्म जम्मा घर जग्गा रजिष्ट्रेशन समेत गरी रु.१ करोड ३९ लाख ५ हजार ६ सय १७ संकलन भएको ।
- नदिजन्य पदार्थहरुको ठेक्का व्यवस्थापनको लागि सूचना प्रकाशन भएको तीनवटा खोलाहरु क्रमशः

अगिया, गुडरुङ तथा कोन्द्रे खोलाको मात्र ठेक्का परेको र सम्झौताको चरणमा रहेको।

- ठेक्का परेका खोलाहरुमध्ये मू.अ.कर बाहेक अगिया खोला रु.६० लाख, गुडरुङ खोला रु.४६ लाख ९९ हजार ६ सय ५६ तथा कोन्द्रे खोला रु.३४ लाख ५१ हजार ५२ गरी जम्मा रु.१ करोड ४१ लाख ५० हजार ७०८ संकलन हुने अवस्था रहेको। जसमा अनुमान गरिएको रु.२ करोड ५० लाख रुपैयाँ मात्र  मध्ये बाँडफाँड पश्चात रु.८४ लाख ५ हजार ५ सय २१ संकलन हुने अवस्था रहेको।
- सरकारी Software SuTRa मार्फत राजश्व संकलनको शुरुवात गरिएको।

## आर्थिक प्रशासन शाखा तर्फको प्रगति प्रतिवेदनः

- २०८० मंसिर मसान्त सम्म चालु तर्फ २१.०६ प्रतिशत तथा पुँजिगत तर्फ १.०८ प्रतिशत मात्र खर्च भएको।

## योजना शाखा तर्फको प्रगति प्रतिवेदनः

- २०८० मंसिर मसान्त सम्म जम्मा १३२ योजना सम्झौता भएकोमा ५ ओटा योजनाको रकम भुक्तानी भईसकेको।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा तर्फको प्रगति प्रतिवेदनः

- सामाजिक सुरक्षा भत्ता पहिलो त्रैमासिक वितरण गरिसकिएको।
- औषधी उपचार खर्च पहिलो चौमासिक वितरण गरिसकिएको।

## सामाजिक विकास शाखा तर्फको प्रगति प्रतिवेदनः

- २०८० मंसिर मसान्तसम्म सामाजिक विकास तर्फ २१ वटा सम्झौता भएकोमा ६ वटा भुक्तानी भईसकेको।

## कृषि विकास शाखा तर्फको प्रगति प्रतिवेदनः

- ५० प्रतिशत अनुदानमा गहुँको उन्नत बीउ वितरण तथा गहुँको बीउ उत्पादन कार्यक्रम सम्पन्न भएको ।
- नगरस्तरिय शिवरमा बाली उपचार शिविर संचालन ७ वटा मिति २०८०/०९/५ गते सम्म सञ्चालन भएको।
- साना सिंचाई तथा साना कृषि यन्त्र वितरण कार्यक्रम आवेदन संकलन गरिएको।
- मकै व्लक स्थापनाको लागि व्लक छनौट गरिएको।
- नगरस्तरिय उत्कृष्ट कृषक पुरस्कारमा ८ जना कृषक छनौट गरिएको।
- लागत सहभागितामा भर्मिमल उत्पादन तथा बजारी करण कार्यक्रममा सेवाग्राही छनौट गरिएको।
- लागत सहभागितामा कन्ये च्याउ बीउ उत्पादन तथा बजारीकरण कार्यक्रममा सेवाग्राहि छनौट गरिएको।

- स्यालोटुवेलको लागि बुद्धभूमि ३ र ९ को लागि सूचना प्रकाशन भएकोमा २ वटा मात्र आवेदन पेश भएको ।

**पशु सेवा शाखा तर्फको प्रगति प्रतिवेदनः**

- एकिकृत आन्तरिक परजिवी नियन्त्रण, वाली उपचार सेवा, स्वास्थ्य परीक्षण शिविर, पंजिकरण, सामाजिक सुरक्षा, जेष्ठ नागरिक परिचय पत्र वितरण, व्यवसाय दर्ता/नविकरण तथा परामर्श सहितको एकिकृत घुम्ती शिविर सञ्चालनमा रहेको ।
- महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सम्पन्न भएको ।
- ७५ प्रतिशत अनुदानमा हिँउदे घाँस जै र बर्षिम वितरण सम्पन्न भएको ।

**शिक्षा, युवा तथा खेलकुद शाखा तर्फको प्रगति प्रतिवेदनः**

- शिक्षा दिवस सम्पन्न भएको ।
- नगरको शैक्षिक तथ्याङंक झल्किने गरी बुद्धभूमि शैक्षिक सन्देश प्रकाशन भएको ।
- व्यवस्थापन समिति गठन नभएका विद्यालयमा समिति गठनलाई तीब्रता दिएको ।
- खेलकुद विकास समिति गठन सम्बन्धि कार्यविधि, २०८० निर्माण गरी खेलकुद विकास समिति गठन भएको ।
- राष्ट्रपति रनिङ्ग शिल्ड तथा मेयरकप प्रतियोगिता २०८० सम्पन्न गरिएको ।
- सर्शत तर्फका कार्यक्रमहरूका लागि प्रस्ताव माग भई वितरणको चरणमा रहेको ।
- नगर भित्रका विद्यालय समायोजन र दरबन्दी मिलानको लागि कार्यविधि, २०८० मस्यौदामा छलफल भई रहेको ।

**उद्योग वाणिज्य, पर्यटन तथा सहकारी शाखा**

- २०८० मंसिर मसान्त सम्म नयाँ व्यवसाय दर्ता ६५ वटा ।
- व्यवसाय नवीकरणः ७९ वटा ।
- सहकारी अनुगमनः ४ वटा ।
- बजार अनुगमनः १० वटै वडामा सम्पन्न भएको ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमबाट अनुदान प्राप्त सहकारी सदस्यहरूको व्यवसाय अनुगमन गरिएको ।

**स्वास्थ्य शाखा तर्फको प्रगति प्रतिवेदनः**

- डेंगी रोगको महामारी नियन्त्रणका लागी ल्याबमा निः शुल्क परीक्षणको व्यवस्था मिलाईएको ।
- आखाँ पाक्ने माहामारी नियन्त्रणका लागी विद्यालय स्वास्था शिक्षा तथा औषधी वितरण कार्य गरीएको ।
- निःशुल्क औषधी वितरणका लागी औषधी खरीद गरी स्वास्थ्य संस्थामा उपलब्ध गराईएको ।
- मृगौला रोगीको लागी डाईलोसिस गर्न बुटवल आते जातेको लागी निःशुल्क सवारी साधन उपलब्ध

गराईएको ।

- प्रत्येक शनिबार निःशुल्क आखाँ जाँच शिविर सञ्चालन गरीएको ।
- रक्तसंचार केन्द्र, रुपन्देही सगँको सहकार्यमा बुद्धभूमिबासीलाई निःशुल्क रक्तजन्य पदार्थ उपल्ध गराउने व्यवस्था मिलाईएको ।
- काठमाण्डौं मेडिकल कलेज तथा टिचिङ अस्पतालको प्राविधिक सहयोग र बुद्धभूमि नगरपालिकाको आयोजनामा १ दिने नि: शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको ।
- जटिल प्रकारको गर्भवति तथा सुत्केरी सेवाको लागी जिल्ला भित्र निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरीएको ।

## सडक सिचाई तथा अन्य पूर्वाधार शाखा तर्फको प्रगति प्रतिवेदनः

- हाल सम्म विधुतीय माध्यमबाट ३२ वटा ठेक्काको सूचना प्रकाशन भएको ।
- १९ वटा योजना सम्झौता भैईसकेको ।
- ठेक्कामा लाने सबै योजनाहरु ठेक्का प्रकृयामा गइसकेको ।

## भवन तथा वस्तीविकास शाखा तर्फको प्रगति प्रतिवेदनः

- घर नक्सा तर्फ ६० वटा घरको घर नक्सा अभिलेख सम्पन्न भएको ।
- नयाँघर ६ वटा दर्ता र ६ वटालाई सम्पन्नताको प्रमाण पत्र दिएको ।

## जिन्सी फाँट तर्फको प्रगति प्रतिवेदनः

- Pams लाई निरन्तरता दिईएको
- जिन्सी निरीक्षण सम्बन्धि कार्य अन्तिम चरणमा रहेको ।
- खरिद प्रकिया सम्बन्धमा मिति २०८०।४।१ गतेदेखि खर्च भएर जाने जिन्सी सामाग्रीहरु वडा कार्यालयले प्रकृया पुर्याई खरिद गरी नगरपालिकाबाट भुक्तानी लिने र खर्च भएर नजाने जिन्सी सामाग्रीहरु नगरपालिकाको कार्यालयको जिन्सी शाखासँग समन्वय गरी खरिद गर्ने व्यवस्था मिलाईएको ।
- वडा कार्यालयको मेशिनरी उपकरण तथा फर्निचर मर्मत कार्य वडा कार्यालय आफैले गर्ने व्यवस्था मिलाईएको ।
- नगरपालिकाको योजना सम्बन्धि निर्माण कार्यमा प्रयोग हुने साधन ग्रेडर, रोलर र व्याक हो लोडर मर्मत गरी संचालनको लागि चुस्त दुरुस्त राखिएको ।

## प्रधानमन्त्री रोजगार सेवा केन्द्र तर्फको प्रगति प्रतिवेदन

- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ वडा नं. ८ र वडा नं. ७ मा काम सञ्चालनमा भई रहेको ।
- बुद्धभूमि नगरपालिकाको वडा नं. १, २, ४ र ८ मा वित्तीय साक्षरता कक्षा सञ्चालनमा भई रहेको ।
- सुरक्षित बैदेशिक रोजगारी तर्फ कामदारको पुनः श्रमस्वीकृत ६६ जनालाई तथा परामर्श सेवा ७३ जना लाई उपलब्ध गराइएको ।

१२. आर्थिक वर्ष २०८०।०८१ मा ठेक्का प्रक्रिया मार्फत सञ्चालन भएका योजनाबाट बचत हुन आउने रकम आवश्यकता र औचित्यताको आधारमा अत्यावश्यकीय योजना तथा कार्यक्रममा विनियोजन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१३. स्वीकृत भएका योजनाहरूको कार्यान्वयन, आवश्यकता र औचित्यताको आधारमा हुने कार्यक्रम संशोधन तथा बजेट स्वीकृतको अधिकार नगर कार्यपालिकाले प्रयोग गर्ने अख्तियार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१४. यस बुद्धभूमि नगरपालिकाको चौधौं नगरसभामा सहयोग पु-याउने नगरसभा सदस्यज्यूहरू, / राष्ट्रसेवक कर्मचारी साथीहरू/सञ्चारकर्मीहरू मा धन्यवाद दिदै नगरसभा अध्यक्ष (नगर प्रमुख) केशव कुमार श्रेष्ठ ज्यूबाट सभाको बैठक समाप्त भएको घोषणा गरी बैठक सम्पन्न गरियो ।